कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्न इजाजतपत्रप्राप्त

**राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**

रजिष्टर्ड कार्यालय : साँगा, बनेपा-१३, काभ्रेपलाञ्चोक
फोन नं. : ९९७-०११६६००७३
इमेल : info@rulbsl.com.np वेबसाइट : **www.rulbsl.com.np**

**को**

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीको जारी पूँजी रु. २६,००,००,०००/- को ३२.६९ प्रतिशतले हुन आउने रु.८,५०,००,०००/- रकम बराबर प्रति शेयर रु.१००/- अंकित दरका ८,५०,००० कित्ता साधारण शेयर मध्ये १३,००० कित्ता शेयर (जारी पूँजीको ०.५ प्रतिशत) कर्मचारीहरुलाई र ४२,५०० कित्ता शेयर (कुल निष्काशनको ५ प्रतिशत) सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ७,९४,५०० कित्ता साधारण शेयरहरुको प्रारम्भिक सार्वजनिक निष्काशन ।

**नेटवर्थ तथा अन्य प्रमुख वित्तीय परिसूचकहरु:**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|
| | २०७५/०७६ | २०७६/७७ | २०७७/७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३२.७६ | १४१.५७ | १६७.४३ | १७२.८१ | २४५.८२ | ३४७.०० |
| प्रति शेयर आम्दानी (रु.) | ४.०३ | ६.६८ | १६.०८ | १७.९३ | ३०.८८ | २९.९८ |
| नेटवर्थमा प्रतिफल (%) | ५.३६ | ९.४६ | २६.९२ | ३०.९८ | ७५.९० | १०४.०४ |
| संचित नाफा/(नोक्सान) | १२,७८४ | २५,६९५ | ६२,४३० | १२४,१६८ | २७६,६५८ | ४८५,८७७ |

**दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले (शतप्रतिशत) भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्रबजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण:**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनकालागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ताको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**संस्थापक तथा सञ्चालकहरु र संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धी**

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मिति २०७८/०३/०७ मा "समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहने"(Moderate Risk of Default regarding timely servicing of financial obligations)[ICRANP-IR] BB Pronounced as ICRA NP Issuer Rating Double B ]" प्रदान गरेको छ। उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७९/०३/०६ सम्म रहनेछ। ईक्रा नेपाल लि. ले [ICRANP-IR] AAAदेखि [ICRANP-IR] Dसम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAAलेवित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउंदछ। रेटिङ्ग संकेत पछाडि रहनें (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतीलाई जनाउँदछ। यसको अर्थ [ICRANP -IR] BB को स्थिती [ICRANP -IR] BB- भन्दा एक चिन्ह माथि रहन्छ।

नेपाल धितोपत्र बोर्डबाट विवरण स्वीकृत भएको मिति : २०७८/१०/०९
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणदर्ता भएको मिति : २०७८/१०/१३
नेपाल राष्ट्र बैंकमा विवरण दर्ता भएको मिति : २०७८/१०/११

निष्काशन खुल्ला हुने मिति : २०७८/११/०४
निष्काशन बन्द हुने मिति(छिटोमा) :२०७८/११/०८
निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०७८/११/१८

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**
**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

**ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

(क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले **एनआईबिएल एस क्यापिटल लिमिटेड**, लाजिम्पाट, काठमाण्डौ सम्झनु पर्दछ ।

(ग) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी **राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड** सम्झनु पर्दछ ।

(घ) **"लघुवित्त वित्तीय संस्था "**भन्नाले बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७६ को दफा ४९ को उपदफा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

(ङ) **"खुद सम्पत्ति (नेट वर्थ)"** भन्नाले लघुवित्त वित्तीय संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ ।

(च) **"प्रति शेयर आम्दानी"** भन्नाले लघुवित्त वित्तीय संस्थाको आम्दानीलाई उक्त संस्थाको जारी शेयरले भाग गर्दाआउने भागफल सम्झनु पर्छ ।

(छ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

(ज) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(झ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

(ञ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन"** भन्नाले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन सम्झनु पर्दछ ।

(ट) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ठ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउंदछ ।

**ख.२.विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरण पत्रहेर्न तथाप्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं र वेबसाइट : www.niblcapital.com |
| २. | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड,साँगा, बनेपा १३, काभ्रेपलाञ्चोक, वेबसाइटः www.rulbsl.com.np |

साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.npबाट Downloadगरेर पनि प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | दरखास्तफारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्तभई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धताप्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो संग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफ देहिता सम्बन्धी :**

यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो सेवासंग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**ग.२.घ.संस्थापक, संचालक तथा प्रवन्ध संचालक सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा कार्यकारी निर्देशक कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा कार्यकारी निर्देशक कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक, प्रवन्ध संचालक छैनन्।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रवन्ध संचालक यस कम्पनीको संचालक वा प्रवन्ध संचालक छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रवन्ध संचालक छैनन् ।
५. यस कम्पनीको संचालक वा प्रवन्ध संचालक धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रवन्ध संचालक हुन अयोग्य रहेका छैनन् ।

ग.३.　संगठित संस्था सम्बन्धीजानकारी :

ग.३.क.　संगठित संस्थाको पृष्ठभूमि :

(१) **संस्थाको नाम** : राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड **(Rastra Utthan Laghubitta Bittiya Sanstha Limited)**

(२) **संस्थाकुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ अन्तर्गत स्थापित ।

(३) **संस्थाको रजिष्टर्ड ठेगाना** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं १३ साँगामा रहेको छ ।

(४)**कारोवार गर्ने मुख्य स्थान** : यस वित्तीय संस्थाको कार्यक्षेत्र नेपाल भर हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार नेपालभर शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ । मिति २०७८ साल माघ ९ गतेसम्म यस वित्तीय संस्थाले निम्न कार्यालयहरु खोली कारोबार संचालन गरी रहेको छ ।

| क्र.सं | संस्थाको नाम | शाखाको नाम | ठेगाना | प्रदेश |
|---|---|---|---|---|
| १ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | मनहर्वा शाखा कार्यालय | जितपुरसिमरा उ.म.न.पा. -१८, बारा | २ |
| २ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कलैया शाखा कार्यालय | कलैया उ.म.न.पा. -१, बारा | २ |
| ३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | परवानिपुर शाखा कार्यालय | विरगंज म.न.पा.-२१, पर्सा | २ |
| ४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सिमरा शाखा कार्यालय | जितपुरसिमरा उ.म.न.पा. -१, बारा | २ |
| ५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | हेटौडा शाखा कार्यालय | हेटौडा उ.म.न.पा.-४, मकवानपुर | ३ |
| ६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | हर्नामाडी शाखा कार्यालय | हेटौडा उ.म.न.पा.-१६, मकवानपुर | ३ |
| ७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | निजगढ शाखा कार्यालय | निजगढ न.पा. -२, बारा | २ |
| ८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | विरगंज शाखा कार्यालय | विरगंज म.न.पा.-८, पर्सा | २ |
| ९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | फर्पिङ शाखा कार्यालय | दक्षिणकाली न.पा. -५, काठमाडौं | ३ |
| १० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | डिल्लीबजार शाखा कार्यालय | काठमाडौं म.न.पा. -२९, काठमाडौं | ३ |
| ११ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गोकर्णेश्वर शाखा कार्यालय | गोकर्णेश्वर न.पा. -५, काठमाडौं | ३ |
| १२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कोल्हवी शाखा कार्यालय | कोल्हवी न.पा. -१, बारा | २ |
| १३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | स्यूचाटार शाखा कार्यालय | नागार्जुन न.पा. -९, काठमाडौं | ३ |
| १४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | मनमैंजु शाखा कार्यालय | तारकेश्वर न.पा. -१०, काठमाडौं | ३ |
| १५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बरियारपुर शाखा कार्यालय | महागढीमाई न.पा. -१, बारा | २ |
| १६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सिमरौंनगढ शाखा कार्यालय | सिमरौंनगढ न.पा. -७, बारा | २ |
| १७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | विरुवागुठी शाखा कार्यालय | पर्सागढी न.पा. -३, पर्सा | २ |
| १८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | पोखरिया शाखा कार्यालय | पोखरिया न.पा. -४, पर्सा | २ |
| १९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गोठाटार शाखा कार्यालय | कागेश्वरी न.पा. -७, काठमाडौं | ३ |
| २० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सुवर्णपुर शाखा कार्यालय | ठोरी गा.पा. -५, पर्सा | २ |
| २१ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | फापरवारी शाखा कार्यालय | वाग्मती गा.पा.-८, मकवानपुर | ३ |
| २२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बनेपा शाखा कार्यालय | वनेपा न.पा.-८, काभ्रेपलान्चोक | ३ |
| २३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बर्दिवास शाखा कार्यालय | बर्दिवास न.पा.-१, महोत्तरी | २ |
| २४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सिन्धुलीमाडी शाखा कार्यालय | कमलामाई न.पा.-६, सिन्धुली | ३ |
| २५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बरहथवा शाखा कार्यालय | बरहथवा न.पा.-७, सर्लाही | २ |
| २६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गरुडा, शाखा कार्यालय | गरुडा न.पा.-४, रौतहट | २ |
| २७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सखुवामहेन्द्रनगर शाखा कार्यालय | क्षिरेश्वरनाथ न.पा.-५, धनुषा | २ |
| २८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कल्याणपुर शाखा कार्यालय | खड्क न.पा.-६, सप्तरी | २ |
| २९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | मिर्चैया शाखा कार्यालय | मिर्चैया न.पा.-६, सिरहा | २ |
| ३० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | हरैंचा शाखा कार्यालय | सुन्दरहरैंचा न.पा.-१, मोरङ | १ |
| ३१ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | खैरहनी शाखा कार्यालय | खैरहनी न.पा.-८, चितवन | ३ |
| ३२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | लौकही शाखा कार्यालय | कोशी गा.पा.-१, सुनसरी | १ |
| ३३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | पाडाजुंगी शाखा कार्यालय | कमल गा.पा.-५, झापा | १ |
| ३४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | विदुर शाखा कार्यालय | विदुर न.पा.-२, नुवाकोट | ३ |
| ३५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गल्छी शाखा कार्यालय | गल्छी गा.पा.-८, धादिङ | ३ |
| ३६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कावासोती शाखा कार्यालय | कावासोती न.पा.-३, नवलपुर | ४ |
| ३७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बर्दघाट शाखा कार्यालय | बर्दघाट न.पा.-४, परासी | ५ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बुटवल शाखा कार्यालय | बुटवल उ.म.न.पा.-८, रुपन्देही | ५ |
| ३९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | चन्द्रौटा शाखा कार्यालय | शिवराज न.पा.-५, कपिलवस्तु | ५ |
| ४० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | घोराही शाखा कार्यालय | घोराही उ.म.न.पा.-१५, दाङ | ५ |
| ४१ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | खजुरा शाखा कार्यालय | खजुरा गा.पा.-७, बांके | ५ |
| ४२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | लम्की शाखा कार्यालय | लम्की चुहा न.पा.-१, कैलाली | ७ |
| ४३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | नवलपुर शाखा कार्यालय | लालबन्दी न.पा.-१, सर्लाही | २ |
| ४४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | विष्णुपुर शाखा कार्यालय | विष्णुपुर गा.पा.-१, सिरहा | २ |
| ४५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | टंकीसिनवारी शाखा कार्यालय | बुढीगंगा गा.पा.-२, मोरङ | १ |
| ४६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | हल्दीवारी शाखा कार्यालय | हल्दीवारी गा.पा.-४, झापा | १ |
| ४७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | छिन्चु शाखा कार्यालय | भेरीगंगा न.पा.-१२, सुर्खेत | ६ |
| ४८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बांसगढी शाखा कार्यालय | बांसगढी न.पा.-५, बर्दिया | ५ |
| ४९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कटहरी शाखा कार्यालय | कटहरी गा.पा.-२, मोरङ | १ |
| ५० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | चारआली शाखा कार्यालय | मेचीनगर न.पा.-१३, झापा | १ |
| ५१ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | भजनी शाखा कार्यालय | भजनी न.पा.-१, कैलाली | ७ |
| ५२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | दैजी शाखा कार्यालय | वेदकोट न.पा.-१०, कन्चनपुर | ७ |
| ५३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | हरिनगरा शाखा कार्यालय | हरिनगरा गा.पा.-४, सुनसरी | १ |
| ५४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कौडेना शाखा कार्यालय | कौडेना गा.पा.-३, सर्लाही | २ |
| ५५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | हनुमाननगर शाखा कार्यालय | हनुमानगर कंकालिनी न.पा.-९,सप्तरी | २ |
| ५६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | झुम्का शाखा कार्यालय | रामधुनी न.पा.-५, सुनसरी | १ |
| ५७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | पथरी शाखा कार्यालय | पथरी शनिश्चरे न.पा.-१, मोरङ | १ |
| ५८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कटारी शाखा कार्यालय | कटारी न.पा.-४, उदयपुर | १ |
| ५९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | विरेन्द्रबजार शाखा कार्यालय | गणेशमान न.पा.-४, धनुषा | २ |
| ६० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ओमसतिया शाखा कार्यालय | ओमसतिया गा.पा.-१, रुपन्देही | ५ |
| ६१ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | तौलिहवा शाखा कार्यालय | कपिलवस्तु न.पा.-१, कपिलवस्तु | ५ |
| ६२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सौठा शाखा कार्यालय | रतुवामाई न.पा.-६, मोरङ | १ |
| ६३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गंगापिपरा शाखा कार्यालय | दुर्गाभवानी गा. पा.- १, रौतहट | २ |
| ६४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गौशाला शाखा कार्यालय | गौशाला न.पा.-५, महोत्तरी | २ |
| ६५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ओरालीबजार शाखा कार्यालय | मधुवन न.पा.-२, बर्दिया | ५ |
| ६६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | बयलवास शाखा कार्यालय | ईश्वरपुर न.पा.-६, सर्लाही | २ |
| ६७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | कम्दी शाखा कार्यालय | डुडुवा गा.पा.-५, बांके | ५ |
| ६८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | फत्तेपुर शाखा कार्यालय | सप्तकोशी न.पा.-१, सप्तरी | २ |
| ६९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सखुवान शाखा कार्यालय | सखुवानन्करकट्टी गा.पा.-१, सिरहा | २ |
| ७० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | भारदेव शाखा कार्यालय | कोन्ज्योसोम गा.पा.-५, ललितपुर | ३ |
| ७१ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | मसुरिया शाखा कार्यालय | राप्ती गा.पा.-३, दांग | ५ |
| ७२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सत्तेरझोरा शाखा कार्यालय | गढी गा.पा.-६, सुनसरी | १ |
| ७३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सिरुटार शाखा कार्यालय | सूर्यविनायक न.पा.-१ भक्तपुर | ३ |
| ७४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गोटीखेल शाखा कार्यालय | महाकांल गा.पा.-३, ललितपुर | ३ |
| ७५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | जनकपुर शाखा कार्यालय | जनकपुरधाम उ.म.न.पा.-१, धनुषा | २ |
| ७६ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | रानी-विराटनगर शाखा कार्यालय | विराटनगर म.न.पा.-१५, मोरङ | १ |
| ७७ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | भट्टेडांडा शाखा कार्यालय | वाग्मती गा.पा.-३, ललितपुर | ३ |
| ७८ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | स्वर्गद्धारी शाखा कार्यालय | स्वर्गद्धारी न.पा.-३, प्युठान | ५ |
| ७९ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | गढवा शाखा कार्यालय | गढवा गा.पा.-४, दांग | ५ |
| ८० | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | आंबुखैरेनी शाखा कार्यालय | आंबुखैरेनी गा.पा.-४, तनहु | ४ |
| ८१ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | पुर्कोट शाखा कार्यालय | भानु न.पा.-८, तनहु | ४ |
| ८२ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | उदिपुर शाखा कार्यालय | बेंशिसहर न.पा.-१, लमजुङ | ४ |
| ८३ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | सूर्यपाल शाखा कार्यालय | मध्येनेपाल न.पा.-३, लमजुङ | ४ |
| ८४ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | च्याङली शाखा कार्यालय | पालुङटार न.पा.-७, गोरखा | ४ |
| ८५ | राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | क्यामिन शाखा कार्यालय | व्यास न.पा.-७, तनहु | ४ |

| | | | | |
|---|---|---|---|---|
| ८६ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | कोपवा शाखा कार्यालय | बौधिमाई न.पा..-५, रौतहट | २ |
| ८७ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | तुल्सिपुर शाखा कार्यालय | तुल्सिपुर उ.म. न.पा.-७, दाङ | ५ |
| ८८ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | फिक्कल शाखा कार्यालय | सुर्योदय न.पा.-१०, ईलाम | १ |
| ८९ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | ईन्द्रावती शाखा कार्यालय | मेलम्चि न.पा.-१३, सिन्धुपाल्चोक | ३ |
| ९० | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | धरान शाखा कार्यालय | धरान उप-महा न.पा.-१३, सुनसरी | १ |
| ९१ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | बैगुनधुरा शाखा कार्यालय | गौरादह न.पा.-९, झापा | १ |
| ९२ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | बल्मी शाखा कार्यालय | गोदावरी न.पा.-९, कैलाली | ७ |
| ९३ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | ढकारी शाखा कार्यालय | ढकारी गा.पा.-६, अछाम | ७ |
| ९४ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | कुपिण्डे शाखा कार्यालय | बनगाड कुपिण्डे न.पा.-७, सल्यान | ६ |
| ९५ | राष्ट्र उत्थान  लघुवित्त वित्तीय संस्था लिमिटेड | पोखरा शाखा कार्यालय | पोखरा महानगरपालिका.-१४, कास्की | ४ |

**(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड २०७५/०६/१४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस कम्पनीले मिति २०७५/१०/१६ गते “घ” वर्गको वित्तीय संस्थाको रूपमा राष्ट्रियस्तर कार्यक्षेत्र रहने गरी वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७५/११/८ गतेदेखि औपचारिक रुपले वित्तीय कारोवार शुभारम्भ भएको हो । यस लघुवित्त वित्तीय संस्थाले न्यून आय भएका वा विपन्न वर्गका लक्षित ग्राहक सदस्यहरुलाई लघुकर्जा प्रवाह गर्दै आएको छ । हाल यस कम्पनीको ३६ जिल्लामा रहेका ८८ वटा शाखा कार्यालय मार्फत २,२०,२६५ परिवारहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यस कम्पनीका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ। कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/१५ को पत्रानुसार आ.व. २०७६/०७७ सम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :**

(क) वित्तीय संस्थाको निक्षेपर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने ।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र

(ङ) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** :सो नभएको ।
सो नभएको ।

**(७) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म) :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**

वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप (बचत) संकलन, सदस्यहरुलाई लघुकर्जा प्रवाह र विप्रेषण भुक्तानी सेवा तथा सदस्यहरुलाई आवश्यक पर्ने सेवा तथा परामर्श प्रदान गर्ने रहेको छ ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

नेपाल राष्ट्र बैंकबाट २०७५/१०/१६ गते राष्ट्रियस्तर कार्यक्षेत्र भएको वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरी मिति २०७५/११/०८ गतेदेखि यस वित्तीय संस्थाले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ। यस संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा दुरदराजका बस्तीहरुका आर्थिक र सामाजिक रुपमा पछि परेका महिलाहरुलाई वित्तीय सेवा प्रदान गरिएको छ।हाल यस कम्पनीका ३६ जिल्लामा रहेका ८८ वटा शाखा कार्यालय मार्फत २,२०,००० भन्दा बढी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**
ग्राहकहरुको माग तथा नेपाल राष्ट्र बैंकको नीति अनुसार समय सापेक्ष रुपमा नयाँ नयाँ ग्राहकमूखि सेवाको पहिचान तथा विकास गरी सोही अनुरुप आफ्नो व्यवसायीक कार्ययोजना तयार गरी आफ्नो कार्यक्षेत्र भित्र शाखा कार्यालयहरुको विस्तार गरी ग्राहकहरुलाई सुलभ तरिकाले सेवा प्रदान गर्ने योजना रहेको छ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
वित्तीय संस्थाको प्रमुख बजार नेपाल अधिराज्यभर रहेको छ। वित्तीय संस्थाले देशका विभिन्न स्थानमा शाखा कार्यालयहरु सञ्चालनमा ल्याई न्यून वर्गको ग्राहकहरुलाई समूहको माध्यमबाट कर्जा प्रदान गर्ने तथा समूहको माध्यमबाट नै निजहरुबाट व्यक्तिगत तथा सामूहिक बचत संकलन समेत गर्ने कार्य गर्दछ।

**(७) उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**
बैंक तथा वित्तीय संस्थामा, शैक्षिक लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस कम्पनीले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल र सक्षम रहेको देखिन्छ। वित्तीय संस्थाका २९७ जना फिल्डस्तरका कर्मचारीहरुले ४४,००० भन्दा बढी ग्राहकहरुलाई घर दैलो कार्यक्रम मार्फत उचित ग्राहक पहिचान गरी विशेषत कृषि, व्यापार र व्यवसाय गर्न चाहने राम्रो विपन्न बर्गका व्यक्तिहरुलाई सरल एवं सुलभ वित्तीय सेवा पु-याएको छ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
सो नभएको।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन भएकाले ग्राहकहरुलाई आवश्यकता अनुरुप गुणस्तरीय सेवा तथा सुविधा प्रदान गर्नका लागि प्रतिबद्ध रहेका छन्। ग्राहकहरुलाई प्रदान गर्दै आईरहेको सेवामा सन्तुष्टि छ/छैन भन्ने बारेमा समय समयमा अनुगमन तथा निरीक्षण पनि गर्दै आइरहेको छ। वित्तीय संस्थामा संचालक स्तरिय जोखिम व्यवस्थापन समिति रहेको र सोही समितिले त्रैमासिक रुपमा जोखिमको लेखाजोखा गर्ने गरेको छ। यस सम्बन्धमा व्यवस्थापनले लगानी भएको कर्जाको प्रभावकारी रुपमा सदुपयोगिता जांच तथा जोखिम औंल्याई तत्काल आवश्यक कारबाही गर्ने गरेको छ।

**(१०) अनुसन्धान तथा विकास :**
नेपालको लघुवित्त क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा कम्पनीले अनुसन्धान तथा विकासलाई प्राथमिकतामा राखेको छ। जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने तथा नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउने कार्य गर्दछ। साथै,कम्पनीले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयाँ प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**
विगत १२ महिनाको अवधिमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ बाट सृजित बन्दाबन्दीको कारण संस्थाका केही शाखाहरु सञ्चालनमा कठिनाई भएको र कर्जा असूलीमा केही प्रभाव परेतापनी व्यवस्थापनको दुरदर्शिता र निरन्तर प्रयास मार्फत जोखिम न्यूनिकरण गर्न सफल भएको छ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**
सो नभएको।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
लघुवित्त वित्तीय संस्थाको रुपमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरेको करिब ३ वर्ष अवधिको वित्तीय संस्था भएतापनि लघुवित्त संस्था हुनुपूर्व नेपाल ग्रामीण विकास संस्थाको नामबाट विगत लामो समयदेखि यस संस्थाले लघुवित्त सम्बन्धी सेवा सञ्चालन गरिराखेको हुनाले यस क्षेत्रमा सञ्चालित अन्य समान वित्तीय संस्थाहरु बीच यस कम्पनीको आफ्नो स्थिति अत्यन्तै मजबुत रहेको छ। आ.व. २०७६/०७७ सम्मको अवधिमा रु. २ करोड ७७ लाख सञ्चालन मुनाफा रहेकोमा कम्पनीले आ.व. २०७७/०७८ मारु. ७करोड ३८ लाख सञ्चालन मुनाफा गरी रु. ४ करोड ७१ लाख खुद नाफामा रहेको छ। यस कम्पनीमा सदस्यमैत्री विभिन्न किसिमका बचत योजनाहरु तथा विभिन्न प्रकारका कर्जा सापटका कार्यक्रमहरु रहेका छन् जुन ग्राहक सदस्यहरुको विभिन्न प्रकारको चाहना र आवश्यकता परिपूर्तीकालागि सक्षम र पर्याप्त रहेका छन्। यस प्रकार समान लघुबित्त वित्तीय संस्थाहरुबीच यस वित्तीय संस्थाको स्थिति मजबुतका साथै अत्यन्त सबल रहेको छ। साथै २०७८ आषाढ मसान्त सम्ममा समान उद्योगहरु बीच यस संस्थाको बजार हिस्सा कर्जा लगानी तर्फ ०.७२ प्रतिशत र निक्षेप तर्फ ०.४९ प्रतिशत रहेको छ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण) :**
सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत् सम्बन्धी विवरण) :**
सो नभएको ।

**ख) सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**
यस कम्पनीको सम्पत्तिको अवस्था २०७८ असार मसान्तसम्ममा देहाय बमोजिम रहेको छ ।

| विवरण | सम्पत्ति | | | | | | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|---|---|---|---|
| | जग्गा तथा भवन | परिवहन साधन | मेशिनरी (कम्प्युटर तथा प्रिन्टर) | कार्यालय सामान | लीज होल्ड सम्पत्ति | अन्य | | |
| १. परलमोल | | | | | | | | |
| (क) गत वर्षको मौज्दात | – | १०,०२३ | ५,५२१ | १०,०७० | – | १,४७३ | २७,०८७ | – |
| (ख) यस वर्षको थप | – | २५१ | १,१७६ | ३,२७५ | – | १३६ | ४,८३७ | २७,०८७ |
| (ग)यस वर्ष पुनर्मुल्याङ्कन /पूनर्लेखन | – | – | – | – | – | – | – | – |
| (घ) यस वर्षको बिक्री | – | – | – | २६ | – | – | २६ | – |
| (ङ)यस वर्षको अपलेखन | – | – | – | – | – | – | – | – |
| **कूल(क+ख+ग-घ-ङ) परलमोल** | – | **१०,२७४** | **६,६९७** | **१३,३१९** | – | **१,६०९** | **३१,८९८** | **२७,०८७** |
| २. ह्रासकट्टी | – | – | – | – | – | – | – | – |
| (क) गत वर्षको मौज्दात | – | २,६२२ | १,३७५ | २,७०० | – | ३०४ | ७,००१ | – |
| (ख) यस वर्षको | – | १,४९७ | १,२५४ | २,३७६ | – | ४१० | ५,५३७ | ७,००१ |
| (ग)ह्रासकट्टी पुनर्मुल्याङ्कन /पूनर्लेखन | – | – | – | – | – | – | – | – |
| (घ)ह्रासकट्टी रकम समायोजन / फिर्ता | – | – | – | २ | – | – | २ | – |
| **कुल ह्रासकट्टी** | – | **४,११९** | **२,६२९** | **५,०७४** | – | **७१४** | **१२,५३५** | **७,००१** |
| ३. बुक भ्यालु (WDV*)(१ - २) | – | ६,१५५ | ४,०६८ | ८,२४५ | – | ८९४ | १९,३६२ | २०,०८६ |
| ४. जग्गा | – | – | – | – | – | – | – | – |
| ५.पूँजीगत निर्माण (पूँजीकरण गरिनुपर्ने) | – | – | – | – | – | – | – | – |
| **जम्मा (३+४+५)** | – | **६,१५५** | ४,०६८ | **८,२४५** | – | ८९४ | १९,३६२ | २०,०८६ |

माथि उल्लेखित सम्पत्तिहरु चालु अवस्थामा रहेको तथा उक्त सम्पत्तिहरु वित्तीय संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका छन् ।

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):**
उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै हो ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**
सो नभएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण:**
कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण:**

परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन ।

**ग) भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

कम्पनीले आफ्नो व्यवसाय/सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् :

- यसै आर्थिक वर्षमा कम्तिमा पनि थप ६ वटा शाखा विस्तार गरी आ.ब. २०८०/८१ सम्ममा १११शाखा संख्या पु-याउने लक्ष लिएकोछ ।
- सेवाग्राहीको संख्यामा क्रमशः वृद्धि गर्दै आ.ब. २०८०/८१ सम्ममा करिब १,००,००० पु-याउने लक्ष लिएको छ ।
- वित्तीय संस्थाले आ.ब.२०७८/०७९ को अन्तसम्ममा निक्षेप संकलन रु. ९१ करोड, लगानीमा रहिरहेको कर्जा रु. ४ अरब ४२ करोड र खुद नाफा रु. ८ करोड पु-याउने लक्ष लिएसंगै आ.ब. २०८०/८१ सम्ममा निक्षेप संकलन रु. १ अरब २९ करोड, लगानीमा रहिरहेको कर्जा रु. ९ अरब ९२ करोड र खुद नाफा रु. २७ करोड पु-याउने लक्ष लिएको छ ।
- वित्तीय संस्थाले आ.ब.२०७८/०७९ को अन्त सम्ममा संस्थाको नेट वर्थ ४५ करोड ३७ लाख पु-याई  आ.ब. २०८०/८१ सम्ममा ९१ करोड ३३ लाख पु-याउने लक्ष लिएको छ ।
- वित्तीय संस्थाले आ.ब.२०७८/०७९ को अन्त सम्ममा संस्थाको प्रति शेयर आम्दानी रु. ३२.६७ पु-याई  आ.ब. २०८०/८१ सम्ममा १०५.४४ पु-याउने लक्ष लिएको छ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिम र निजहरुको आवश्यकता बमोजिमका कर्जा र बचतका सेवा सुविधाहरु उपलब्ध गराउदै जाने नीति रहेको छ ।
- प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु हासिल गर्नका लागि लघुवित्त कारोबार विस्तार गर्दै लैलाने नीति रहेको छ ।
- आन्तरिक नियन्त्रण र अनुपालना प्रणाली सुदृढिकरणमा विशेष जोड दिने नीति रहेको छ ।
- संस्थाको दिगो विकासको लागि भविष्यमा असर पर्न सक्ने नकारात्मक घटना वा अवस्था आउन नदिन आवश्यक थप नीति, नियम, कार्यविधिहरुको तर्जुमा गरी अघि बढ्ने रणनीति यस वित्तीय संस्थाले लिएको छ ।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशको लघुवित्त क्षेत्रमा हाल प्रतिष्पर्धा अत्याधिक रहेको छ र सोही कारणले गर्दा यस कम्पनीले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । वर्तमान आर्थिक, राजनैतिक र बैकिंङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडी बढ्न कम्पनीले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा सकभर अन्य लघुवित्त वित्तीय संस्था नभएका अर्ध शहरी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त लघुवित्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडी बढिरहेको छ । उल्लेखित रणनीतिको कारण कम्पनी आफ्ना लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न क्षेत्र ओगट्ने कुरामा दृढ रहेको छ । यस कम्पनीका संचालक समिति लगायत व्यवस्थापन समिति तथा उच्च पदाधिकारीहरुमा लामो समयको बैंकिङ्ग तथा लघुवित्तको अनुभव रहेकोले अन्य प्रतिष्पर्धी अन्य लघुवित्त भन्दा पृथक किसिमले सहज तरीकाले संचालन गर्न सक्ने क्षमता रहेको छ ।

यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को आश्विनमसान्तसम्मको विद्यमान संस्थागत स्थितिनिम्न बमोजिम रहेकोछ ।

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७८/७९ ( आश्विन मसान्त सम्मको) |
|---|---|---|
| १ | जिल्ला | ३६ |
| २ | केन्द्रीय कार्यालय | १ |
| ३ | शाखा | ८८ |
| ४ | कुल निक्षेप | ६७,८२,९४,०९० |
| ५ | कुल कर्जा | २,८२,२१,४०,७२० |
| ६ | चुक्ता पुँजी | १७५000.000 |

**घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

**१) संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार १ जना महिला सहित ७ (सात) जनाको सञ्चालक समिति हुनेछ जसमा देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| संस्थापक समूहबाट मनोनित/निर्वाचित | ४ (चार) जना |

| | |
|---|---|
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल (चार) ४ वर्षको हुनेछ ।

संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :
यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर, स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– का दरले ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी** : यस कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. २६,००,००,०००/- (अक्षरेपी छब्बिस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– का दरले २६,००,००० (छब्बिस लाख) थान शेयरमा विभाजन गरिएकोछ ।
- **चुक्ता पूँजी :** यस कम्पनीको हाल चुक्ता पूँजी रु. १७,५०,००,०००/- (अक्षरेपी सत्र करोड पचास लाख रुपैया मात्र) रहेको छ जसलाई रु. १००/- का दरले १७,५०,०००(सत्र लाख पचास हजार)थान शेयरमा विभाजन गरिएको छ ।
  यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु. ८,५०,००,०००/- (अक्षरेपी आठ करोड पचास लाख मात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. २६,००,००,०००/- (अक्षरेपी छब्बिस करोड मात्र) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**
यस कम्पनीको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| क्र.सं | आ. व. | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|---|
| १. | २०७५/७६ | ५०,००,००,०००.०० | २५,००,००,०००.०० | १७,५०,००,०००.०० |
| २. | २०७६/७७ | ५०,००,००,०००.०० | २६,००,००,०००.०० | १७,५०,००,०००.०० |
| ३. | २०७७/७८ | ५०,००,००,०००.०० | २६,००,००,०००.०० | १७,५०,००,०००.०० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**
साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समहू | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १७,५०,००० | ६७.३१ | १७,५०,००,०००/- | **शत्प्रतिशत** |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ८,५०,००० | ३२.६९ | ८,५०,००,०००/- | **शत्प्रतिशत** |
| | **जम्मा** | २६,००,००० | १००.०० | २६,००,००,०००/- | **शत्प्रतिशत** |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**
निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिने हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

**५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**क) संस्थापक/सञ्चालकको पृष्ठभूमि :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवर प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीहरुको विवरण**

| सि.नं. | नाम र ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | श्री नेपाल ग्रामीण विकास संस्था, डिल्लीबजार, काठमाडौ | लागू नहुने | लागू नहुने | लागू नहुने | ७,५०,००० | लागू नहुने | लागू नहुने |
| २ | श्री राष्ट्रिय वाणिज्य बैंक लि. सिहंदरबार प्लाजा, काठमाडौं | लागू नहुने | लागू नहुने | लागू नहुने | ५,५०,००० | लागू नहुने | लागू नहुने |
| ३ | श्री प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाडौं | लागू नहुने | लागू नहुने | लागू नहुने | ३,००,००० | लागू नहुने | लागू नहुने |

**सञ्चालकहरुको विवरण :**

| क्र.सं. | सञ्चालकको नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | शेयर स्वामित्व | अनुभव | प्रस्तावित व्यापार/व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री प्रल्हाद मान माली, बानेश्वर-१०, काठमाडौं | अध्यक्ष /स्वतन्त्र संचालक | ७४ | नेपाली | स्नातक | - | विभिन्न सरकारी तथा गैरसरकारी सेवा (स्वदेश एवं विदेश) मा ४० बर्ष भन्दा बढी सेवा गरेको कार्यानुभव । | — |
| २. | श्री चिरञ्जीवी वि.सी, सुर्यविनायक न.पा.-३, भक्तपुर | संचालक/प्रभु बैंक लि.बाट मनोनित | ४८ | नेपाली | स्नातकोत्तर | - | हाल कार्यरतः प्रभु बैंक लि. (२०५६ साल देखि बैंकिङ क्षेत्रमा कार्यरत) | — |
| ३. | श्रीमती रिता सापकोटा, पौडेल, उर्लाबारी-५, मोरङ्ग | संचालक | ४७ | नेपाली | स्नातक | ८,००० | प्रबन्धक, ग्लोबल एग्रो प्रोडक्ट प्रा.लि. । | प्रबन्धक, ग्लोबल एग्रो प्रोडक्ट प्रा.लि. |
| ४. | श्री प्रदीप कुमार तिमिलसिना, का.म.पा.-३०, मैतिदेवी, काठमाण्डौ | संचालक/ नेपाल ग्रामीण विकास संस्थाबाट मनोनित | ७० | नेपाली | आई.ए. | | विभिन्न सरकारी तथा संस्थानहरुमा ३८ बर्ष भन्दा बढी कार्यरत रहि हाल सेवा निबृत्त । | — |
| ५. | श्री बिमल डंगोल थानसिङ-१, नुवाकोट | संचालक/( राष्ट्रिय बाणिज्य बैंक लि.बाट मनोनित | ३८ | नेपाली | स्नातकोत्तर | | राष्ट्रिय वाणिज्य बैंकमा विगत १२ बर्ष भन्दा बढी अवधि देखि कार्यरत । | — |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | कम्पनी/संस्थाको नाम, ठेगाना | संक्षिप्त विवरण | संचालकहरुको नाम, ठेगाना | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|
| १. | श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिहंदरबारप्लाजा, काठमाडौं । | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मिति २०२२ साल माघ १० गते विशेष ऐन "राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१" अन्तर्गत नेपाल सरकारद्धारा बैकिग सम्बन्धी कारोवार गर्न स्थापना भएको बैंक हो । यो बैंक वाणिज्य बैंक ऐन, २०३१ बमोजिम संचालन हुदै आएकोमा मिति २०६३ साल बैशाख ६ गते लिमिटेड | ➢ डा. श्री बलराम पाठक, महालक्ष्मी न.पा.-९, ललितपुर<br>➢ श्री केदार नाथ शर्मा, नेपाल सरकार, अर्थ मन्त्रालय<br>➢ श्री जनक कुमार बराल, मत्स्यपोखरी २ संखुवासवा | ५,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | कम्पनीको रुपमा कम्पनी ऐन, २०६३ ( तत्कालीन प्रचलित कम्पनी अध्यादेश, २०६२) बमोजिम नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कम्पनीको रुपमा स्थापित भएको थियो । | ➢ प्रा.डा. श्री राजन बहादुर पौडेल, नागार्जुन न.पा १ काठ्माण्डौ<br>➢ प्रा.डा.श्री माधव प्रसाद दाहाल, शिद्धेश्वर १ भोजपुर<br>➢ श्री रोमिला ढकाल उप्रेती, चन्द्रगढी ८ झापा | |
| २. | श्री प्रभु बैंक लि., बबरमहल, काठमाडौं । | राष्ट्र बैंकबाट “क” वर्गको इजाजतपत्र प्राप्त वाणिज्य बैंक । साविक किष्ट बैंक लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गैरीशंकर डेभलपमेन्ट बैंक लिमिटेड र जेनिथ फाइनान्स लिमिटेड आपसमा गाभिएर बनेको बैंक प्रभु बैंक लिमिटेड हो । यस बैंकले मिति २०७१ साल भाद्र ३० गतेबाट प्रभु बैंक लिमिटेडको नाममा वित्तीय कारोबार गर्दै आएको छ । | ➢ श्री लिला प्रकाश सिटौला, का.म.पा.-७, चावहिल,काठमाडौं ।<br>➢ श्री रमेश सिंह खड्का, बिदुर न.पा. २, नुवाकोट ।<br>➢ श्री शंकर प्रसाद कालिकोटा, का.म.न.पा-३१, शान्तिनगर, काठमाडौं ।<br>➢ श्री रामेश्वर सापकोटा, का.म.पा.-१३, ताहांचल, काठमाण्डौ ।<br>➢ श्री ऋषिराम गौतम, भरतपुर म.न.पा. वडा नं १४, सुन्दरबस्ती, चितवन।<br>➢ श्री अञ्जु अधिकारी, का.म.न.पा. -९, बत्तिस पुतली, काठमाडौं ।<br>➢ श्री प्रमोद घिमिरे, काठमाडौं का.म.न.पा.- ५, हाँडीगाँउ, काठमाण्डौ । | ३,००,००० |
|---|---|---|---|---|---|---|
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | २३२,३३८ | २४७,७४२ | २९३,००० | ४४९,२९९ | ६३९,१२२ | ९०२,१९४ |
| शेयर संख्या (हजारमा) | १,७५० | १,७५० | १,७५० | २,६०० | २,६०० | २,६०० |
| प्रति शेयर नेटवर्थ (रु.) | १३२.७६ | १४१.५७ | १६७.४३ | १७२.८१ | २४५.८२ | ३४७.०० |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल (%) | ४.०३ | ६.६८ | १६.०८ | १७.९३ | ३०.८८ | २९.९८ |
| प्रति शेयर आम्दानी (रु.) | ५.३६ | ९.४६ | २६.९२ | ३०.९८ | ७५.९० | १०४.०४ |

**(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ८.९३%**

**(ग) निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : १२.४६%**

कम्पनीको प्रक्षेपित वित्तिय विवरण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री आचार्य सुमन एसोसिएट्सका का चार्टर्ड एकाउटेण्ट श्री सुमन आचायले गर्नुभएको हो ।

**१० धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम वित्तीय संस्थाको प्रबन्ध-पत्रमा जारी पूँजीको ३२.६९% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. ८,५०,००,०००/- (अक्षरेपी आठ करोड पचास लाख)रकम बराबरको शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु ( कर्मचारी समेत) लाई बिक्री वितरण गरी वित्तीय संस्थाको संचालनमा सर्वसाधारणलाई समेत संलग्न गराउन ।

आ. वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

इ. वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

**ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

| क्र.सं. | क्षेत्र | विवरण | रकम रु. |
|---|---|---|---|
| १. | कृषि तथा पशुपालन तथा व्यवसायिक कृषिमा | ७०० जना ग्राहकलाई औषत रु. १ लाखका दरले कर्जा प्रवाह गर्ने | रु. ७०,०००,०००/- |
| २. | सेवा व्यवसाय | १०० जना ग्राहकलाई औषत रु. १ लाखका दरले कर्जा प्रवाह | रु.१०,०००,०००/- |
| ३ | ६ वटा नयाँ शाखाहरु संचालन गर्न | फर्निचरको लागि<br>कार्यालय संचालन खर्चको लागि<br>कर्मचारीको तलब भत्ताको लागि | रु.१,२००,०००/-<br>रु.९००,०००/-<br>रु.२,९००,०००/- |
| | **जम्मा** | | रु.८५,०००,०००/- |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**

विगतमा अन्य लघुवित्त वित्तीय संस्थाहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा निष्काशित शेयरहरु पूर्ण रुपमा आवेदन प्राप्त हुने गरेको देखिएकोले यस वित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने वित्तीय संस्थाको धारणा रहेको छ। कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा श्रीप्रभु क्यापिटल लिमिटेड, काठमाण्डौले निष्काशन रकमको शत्प्रतिशत खरीद गर्ने प्रत्याभूति सम्झौता गरेको छ ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण** :सो नभएको ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति** :सो नभएको ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बुँदाहरु** :सो नभएको ।

(च) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण** : सो नभएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण** :सो नभएको ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत** :सो नभएको ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** :सो नभएको ।

(ञ) **सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण:**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धक :**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्य गर्नका लागि एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंलाई नियुक्त गरिएको र उक्त सेवा प्रदान गरे बापतएनआइबिएल एस क्यापिटल लिमिटेडलाई एकमुष्ठ रु. १,००,०००/- (अक्षरेपी एक लाख रुपैया मात्र) सेवा शुल्कको रुपमा दिइनेछ ।

(आ) **ट्रष्टि (डिवेन्चरनिष्काशनको हकमा)** : निष्काशन गरिने धितोपत्र डिवेन्चर नभई साधारण शेयर भएको ।

(इ) **प्रत्याभूतिकर्ता** :श्री प्रभु क्यापिटल लिमिटेड, काठमाडौंलाई प्रत्याभुति सेवा प्रदान गरे बापत रु. ४५,०००/- कमिशनको रुपमा दिइने छ ।

(ई) **विज्ञहरु** : सो नभएको ।

(उ) **लेखापरीक्षक** : वित्तीय संस्थाको प्रक्षेपित वित्तीय विवरणहरुको पुनरावलोकन गरी प्रमाणित श्री आचार्य सुमन एसोसिएट्सका चार्टर्ड एकाउटेण्ट श्री सुमन आचार्यलेगर्नुभएको छ ।

(ऊ) **अन्य (जस्तै : संकलन केन्द्र, निष्काशन बैंक आदि)** :

निष्काशन बैंक सम्बन्धी विवरण :

| सि.नं. | बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरबारमार्ग, काठमाण्डौं । |

ग) **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:**

सो नभएको ।

घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :**

प्रिमियम थप नगरिएको ।

ङ) **धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि अत्यधिक माग भई प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार शेयर बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदकालागि दरखास्त प्राप्त हुन आएमा रीतपूर्वक प्राप्त भएको सम्पूर्ण शेयर आवेदकहरुमा बाँडफाँट गरी बाँकी भएको शेयर कित्ता प्रत्याभूतीकर्ताले प्रत्याभूती सम्झौतामा भएको व्यवस्था अनुसार खरीद गर्नेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत जारी गरिने शेयरका लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्वा(C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको शेयर बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरी फिर्ता भुक्तानी गरिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था बमोजिम प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत निष्काशित शेयरको बाँडफाँड गरी सम्बन्धित निकायमा सूचिकरण पश्चात् सम्बन्धित आवेदकले आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

**(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**

सो नभएको ।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

प्रारम्भिक सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

## च) प्रत्याभूति सम्बन्धी विवरण :

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको १०० प्रतिशतले हुन आउने ८,५०,००० कित्ता साधारण शेयरको लागि रु. ८,५०,००,०००/- रकम बराबरको प्रभु क्यापिटल लिमिटेडद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ :

- प्रत्याभूतिकर्ताले ८,५०,००० कित्ता शेयरहरुको लागि प्रत्याभूति गर्न मञ्जुर गर्दछ ।
- प्रत्याभूतिकर्ताले श्री राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्थाको शेयर प्रत्याभूति गर्ने यस प्रत्याभूति सम्बन्धी सम्झौताबाट कबुल गरेको शेयर कित्ता (८,५०,००० कित्ता) सम्मको मात्र दायित्व हुनेछ ।
- प्रत्याभूतिकर्ताले प्रत्याभूति गर्न प्रत्याभूति रकम रु.८,५०,००,००० प्रत्याभूति गरे बापतको शुल्क (कमिशन) रकम रु.४५,०००/- कर कट्टी गरी प्रत्याभूतिकर्तालाई भुक्तानी गर्न श्री राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड मञ्जुर गर्दछ ।
- प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा प्रत्याभूतिकर्ताले बिक्री हुन बाँकी शेयर प्रथम पक्षले उक्त शेयर बापतको रकम माग गरेको बखत खरिद गर्नेछ । साथै, प्रथम पक्षले शेयर बापतको रकम प्राप्त गरे पश्चात् उक्त शेयरको स्वामित्व यथाशिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नुपर्नेछ ।
- शेयर प्रत्याभूति सम्बन्धी सम्झौताको कार्यान्वयन प्रचलित कानून तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम हुनेछ ।
- यस सम्झौतामा उल्लेखित कुराहरु सम्झौतामा दस्तखत भएको मितिदेखि लागू हुनेछ र यसको समयावधि सम्झौता भएको मितिले १ (एक) वर्ष सम्मको हुनेछ । कथंकदाचित उक्त अवधिभित्र शेयर निष्काशनको कार्य नभएमा दुवैपक्षको आपसी सहमतिमा सम्झौता हुनेछ ।

## छ.. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका, वडा नं - १३ साँगामा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२. प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणान संख्यामा अधिकतम १,००० कित्ता बराबरको रु. १,००,०००/- सम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन् ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रु.१००।– (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछ ।

(ग) **आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।

३. आवेदकले आबेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिकनिष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशनफारम भरी **CRN**नं. लिनु पर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले **CRN**नं. प्राप्त गरेपश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्रखरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राहीखाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ।

ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।

च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आबेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्यकुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानीनहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमासम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसकोजानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आबेदकले आवेदन गर्न सक्नेछन् ।त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट **CRN** नं. लिईसकेको हुनुपर्नेछ ।

१४. शेयर बाँडफाँड गरी सूचीकरण भए पश्चात बाँडफाँडमा परेका आबेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राहीखातामा जम्मा गर्ने ब्यबस्था गरिनेछ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका खरिद लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० (एकहजार) कित्ता सम्मका लागि आवेदन दिन सकिने छ ।

१६. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदनगर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा नम्बर **(PAN No)**दरखास्त फारममा खुलाउनु पर्नेछ ।

**११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति** : सो नभएको ।

(ख) **आधारभूत शेयरधनी** : सो नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य** : सो नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नभएको ।

(ङ) **संगठित संस्थाको वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको**

**सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** सो नभएको ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण वापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण :** सो नभएको ।

१२. **विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**
**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** सो नभएको ।

१३. **सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

१४. **पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धि सम्बन्धी विवरण :**
**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

१५. **परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

(क) **लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञआदिको नाम तथा ठेगाना :**

(अ) **लेखापरीक्षक :**
वित्तीय संस्थाको आ.व. २०७७/०७८ को वित्तीय विवरणहरुको लेखापरीक्षण यू.एस.एसोसिएट्स, अनामनगर, काठमाण्डौका चार्टर्ड एकाउटेण्ट श्री उद्धव सिलवालले गर्नुभएको छ ।

(आ) **निष्काशन बैंक (Bankers to the Issue):**
यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा नेपाल ईन्भेष्टमेण्ट बैंक लिमिटेड, काठमाडौंलाई तोकिएको छ ।

(ई) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री आचार्य सुमन एसोसिएट्स, काठमाण्डौका चार्टर्ड एकाउटेण्ट श्री सुमन आचार्य रहनु भएको छ ।

(ख) **माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :** सो नभएको ।

१६. **आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण** :सो नभएको ।

१७. **मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** :सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** :सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण** :सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण** :सो नभएको ।

१८. **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन

तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनैपनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालना अधिकृतलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ०१-४४२५२८० (एक्सटेन्शन : ४१६) मा सम्पर्क गर्न सकिनेछ ।

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** अग्राधिकार शेयर जारी गरिएको छैन ।

**२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस वित्तीय संस्थाको व्यवस्थापनबाट तयार गरिएको आगामी ३ आर्थिक वर्षको प्रक्षेपित वित्तीय विवरणलाई पुनरावलोकन गरी श्री आचार्य सुमन एसोसिएट्सका चार्टर्ड एकाउटेण्ट श्री सुमन आचार्यले प्राथमिक शेयर निष्काशन गर्ने प्रयोजनकालागि व्यवस्थापनले गरेको अनुमानका आधारमा यसैसाथ संलग्न वित्तीय विवरणहरु प्रमाणित गर्दछु भनी राय उपलब्ध गराउनु भएको छ । जुन आधारहरु यसै विवरणपत्रको बुँदा नं. ९ क. ज. मा उल्लेख गरिएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| क. सं. | सञ्चालकको नाम | आर्थिक वर्ष | हटेको/नयाँ नियुक्ति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १. | श्री टेकराज जोशी | २०७६/०७७ | हटेको | संस्थाले अन्य व्यक्ति मनोनयन गरेको |
| २. | श्री राघबेन्द्र लाल कर्ण | २०७६/०७७ | हटेको | मृत्यु |
| ३. | श्री प्रदिप कुमार तिमिलसिना | २०७६/०७७ | नयाँ नियुक्ति | संस्थाले मनोनयन गरेको |
| ४. | श्री बिमल डंगोल | २०७६/०७७ | नयाँ नियुक्ति | संस्थाले मनोनयन गरेको |

| क. सं. | लेखापरिक्षकको नाम | आर्थिक वर्ष | हटेको/नयाँ नियुक्ति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १. | लिङदेन पी.एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट्सका सिए प्रमोद लिङदेन | २०७५/०७६ | नयाँ नियुक्ति | - |
| २. | यू.एस एसोसियट्सका चार्टर्ड एकाउन्टेन्ट्स सिए उद्धव सिलवाल | २०७६/०७७ | नयाँ नियुक्ति | - |
| ३. | यू.एस एसोसियट्सका चार्टर्ड एकाउन्टेन्ट्स सिए उद्धव सिलवाल | २०७७/०७८ | पुनर्नियुक्ति | - |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

का.म.पा.-१६, काठमाण्डौंमा स्थायी बसोबास रहनु भई स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएका यस वित्तीय संस्थाका सहायक कार्यकारी निर्देशक श्री जगन्नाथ कुईंकेललाई यस वित्तीय संस्थाको कम्पनी सचिवको जिम्मेवारी प्रदान गरिएको छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

यस वित्तीय संस्थाको मिति २०७८/०३/११ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु. ८ करोड ५० लाख रकम बराबरको ८,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्ने र सो निष्काशन सम्बन्धी कार्य गर्नकालागि श्री एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौलाई उल्लेखित ८,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्न धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्ने निर्णय भएको छ । साथै वित्तीय संस्थाको मिति २०७७/१२/०८ मा सम्पन्न दोश्रो वार्षिक साधारण सभाबाट समेत सर्वसाधारणमा शेयर जारी गर्ने सम्बन्धी प्रस्तावलाई सर्वसम्मत रुपमा पारित भएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** :सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय कार्यालय) काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका, वडा नं. १३,साँगा ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु. १००/- अङ्कित मूल्य (Par Value)को कुल ८,५०,००० कित्ता साधारण शेयरमध्ये जारी पुँजीको ०.५% अर्थात १३,००० कित्ता साधारण शेयरहरु वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ । साथै कूल ८,५०,००० कित्ता साधारण शेयर संख्याको ५% अर्थात ४२,५०० कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोषको निम्ति छुट्याएर सुरक्षित राखिएको छ । कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र कर्मचारीबाट तथा सामूहिक लगानी कोष योजनाहरुबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा थप गरी बाँडफाँड गरिनेछ ।

**(झ) वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७६/७७ सम्मका विवरणहरु पेश गरिसकिएको छ र उक्त आर्थक वर्ष सम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेकोव्यहोराको जानकारी सम्वन्धी पत्र मिति २०७८/३/१५ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त भएको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणकालागि नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्य प्राप्त बैंक तथा वित्तीय संस्थाहरुका देशभरि फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ ।

**(ट) विवरणपत्र तयार गर्ने व्यवसायिक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक-एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ ।

**(ठ) सकारात्मक पक्षहरु :**

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- स्थापनाको छोटो समयमै ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिस्पर्धि बैंकिङ्ग व्यवसाय सुहांउदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**(ण) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई “यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मिति २०७८/०३/०७ मा “समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहने"(Moderate Risk of Default regarding timely servicing of financial obligations)[ICRANP-IR] BB Pronounced as ICRA NP Issuer Rating Double B ]” प्रदान गरेको छ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७९/०३/०६ सम्म रहनेछ । ईक्रा नेपाल लि. ले [ICRANP-IR] AAAदेखि [ICRANP-IR] Dसम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAAलेवित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात्

उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउंदछ । रेटिङ्ग संकेत पछाडि रहनें (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] BB को स्थिति[ICRANP -IR] BB- भन्दा एक चिन्ह माथि रहन्छ ।

**२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| क.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री प्रल्हाद मान माली | अध्यक्ष तथा स्वतन्त्र संचालक | |
| २. | श्री चिरञ्जीवी वि.सी<br>(प्रभु बैंक लि.बाट मनोनित) | संचालक | |
| ३. | श्रीमती रिता सापकोटा पौडेल | संचालक | |
| ४. | श्री प्रदीप कुमार तिमिलसिना<br>(नेपाल ग्रामिण विकास संस्थाबाट मनोनित) | संचालक | |
| ५. | श्री बिमल डंगोल<br>(राष्ट्रिय वाणिज्य बैंक लि.बाट मनोनित) | संचालक | |

२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

मिति: २०७८/०३/२४

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

<u>विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।</u>

महोदय,

बाग्मती अञ्चल, काभ्रेपलान्चोक जिल्ला, बनेपा नगरपालिका, वडा नम्बर १३, साँगा ठेगाना भएको राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१०० दरको ८,५०,००० (आठ लाख पचास हजार) कित्ता साधारण शेयरको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस एनआईबिएल एस क्यापिटल लिमिटेड मञ्जुर गर्दछ । साधारण शेयर सर्वसाधारणमा जारी गर्ने क्रममा धितोपत्र कारोबार संग सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्वन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

<u>धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट</u>

एनआईबिएल एस क्यापिटल लिमिटेड

नाम : सचिन्द्र ढुंगाना

पद : सहायक महाप्रबन्धक

सही :

कार्यालयको छाप :

NIBL ACE CAPITAL LIMITED
P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4425281, 4419421, 4425280

२५.    विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# ACHARYA SUMAN ASSOCIATES
CHARTERED ACCOUNTANTS

**Report on Examination of Prospective Financial Information**

**To the Board of Directors**
**Rastra Utthan Laghubitta Bittiya Sanstha Limited**
**Sanga, Banepa - 13 Kavre Palanchowk**

We have examined the accompanying projected balance sheet and statements of profit or loss and cash flow statement of **Rastra Utthan Laghubitta Bittiya Sanstha Limited** for the period of 3 years in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information (NSAE 3400), issued by the Institute of Chartered Accountants of Nepal.

The preparation and presentation of the projection including the underlying assumptions, set out in Annexure-I to the prospective financial information, is the responsibility of the Management and has been approved by the Management of the company. Our responsibility is to examine the evidence supporting the assumptions (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared for the purpose of approval of Initial Public Offering (IPO). The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that described above.

We have carried out our examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection.

Further, in our opinion, the accompanying projection is properly prepared on the basis of the assumptions as set out in Annexure-I to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. However, there will usually be differences between the forecasted and actual results, because events and circumstances frequently do not occur as expected, and those differences may be material. We have no responsibility to update this report for events and circumstances occurring after the date of this report

CA. Suman Acharya
Acharya Suman Associates,
Chartered Accountants

Acharya Suman Associates Chartered Accountants Kathmandu, Nepal

UDIN: 211111CA00872aJxDM
Date: 2078-07-25
**Kathmandu, Nepal**

Firm No.: 586
VAT No.: 603780642

+977-9851310913
ca.aacharyasuman@gmail.com
Kathmandu, Nepal

ANNEXURE-1

**KEY HIGHLIGHTS AND ASSUMPTIONS OF THE PROSPECTIVE FINANCIAL STATEMENT**

| S.N. | Particulars | Assumptions | Justification |
|---|---|---|---|
| 1 | Share Capital | • Share capital of FY 2078/79 includes shares after issuance of Initial Public Offering. | Share capital increased due issuance of proposed IPO Issue. |
| 2 | Borrowings | • Borrowing is increased to meet the targeted loan & advances after opening new branches. New Branch opening target is as below:<br>2078/79 6<br>2079/80 10<br>2080/81 10 | Due to increase in branches after opening of new branches and enrollment of new members and groups borrowing increased significantly to fulfill Loan demand. |
| 3 | Deposits Liability | • Deposits includes deposits of member in different types of deposit scheme, deposits withdrawn & includes interest on such deposits. Deposits on different types of schemes has been computed on the basis of number of new & old member multiplied by their average deposit amount. | Deposit collection from existing branch has increased and expected to collect from new branches by increasing saving. |
| 4 | Proposed Bonus and Cash Dividend | • No Proposed Dividend/Bonus Share is projected for FY 2078/79, 2079/80 and 2080/81. | |
| 5 | Other Liabilities | • Other liabilities include:<br>➢ Provision for Staff Bonus, Gratuity<br>➢ TDS Payable<br>➢ Sundry Creditors and Payables<br>➢ Other Payables. | Other liability increased significantly due to provision for staff bonus, gratuity. |
| 6 | Cash Balance | • Cash collected are deposited on bank account on daily. Hence, cash in hand is not much significant. | |
| 7 | Balance with Banks and Financial Institutions and Money at Call | • Balance is maintained at the planned level to ensure smooth flow of Loan and interest. | |
| 8 | Loans and Advances | • Loan amount increased because of additional members via new branches and existing branches | Total planned branches increased due to planned new opening of branch hence projected Loan & Advances increased significantly to fulfill Loan demand. |
| 9 | Fixed Assets | • Fixed assets addition has been computed on the average basis based on number of planned branches opening each year. | |
| 10 | Other Assets | • Other Assets includes inventory of stationery items, advance tax, deferred tax assets and other assets. Advance tax significantly covers major portion of other assets. | |
| 11 | Interest Income | • Interest income consist of Interest income from loan and advances and interest income from | |

Acharya Suman Associates Chartered Accountants Kathmandu, Nepal

| | | | |
|---|---|---|---|
| | | amount deposited in bank. It is calculated on an average basis with interest rate of 14.9% for F.Y. 2078/79, 2079/80 and 2080/81 for interest income from loan and advances. Similarly, 2.5% interest rate is used for F.Y. 2078/79, 2079/80 and 2080/81 on interest income from amount deposited in bank. | |
| 12 | Interest Expense | Interest expense consists of interest given on deposit collection from member and interest given on borrowing. It is calculated on an average basis with interest rate of 5% on saving deposit. Similarly, for F.Y. 2078/79- 7.6%, F.Y. 2079/80- 6% and F.Y. 2080/81- 7% interest rate is used in average balance of borrowing. | |
| 13 | Commission and other income | • Service charge significantly covers major portion of Commission and other income. It increased due to increase in loan portfolio and multiple settlement and reissue of loan as evidenced in past. | |
| 14 | Staff Expenses | • Staff expenses include salary and allowances and other staff expenses. Gratuity, leave encashment and staff training expenses are included in other staff expenses. Salary & Allowances is calculated based on the estimated number of staff and average salary per staff. | |
| 15 | Other operating expenses | • Other operating expenses increased due to increased branches because of planned new opening of branch. | |
| 16 | Provision for possible losses | • Provision for possible losses is loan loss provision which is calculated on the basis of NRB Directives and excess provisioning amount is written back to profit and loss account. | |
| 17 | Provision for staff bonus | • Provision for staff bonus is calculated @10% of net profit. | |
| 18 | Provision for tax | • Provision for tax is calculated on the basis of rate applicable to Bank and Financial Institutions as per Income Tax Act, 2058. | |
| 19 | Client Protection Fund | • Client Protection Fund is calculated on the basis of NRB Directives.<br>• It is estimated that 25% of annual transfer is expensed in next year. | |
| 20 | CSR Fund | • CSR Fund is calculated on the basis of NRB Directives.<br>• It is estimated that 90% of annual transfer is expensed in next year | |

Acharya Suman Associates
Chartered Accountants
Kathmandu, Nepal